**मिति २०८१/६/१० गते बस्ने १५७ औ कार्यपालिकि बैठकमा पेश गरिने एजेण्डाहरु**

१. मिति २०८१/५/१८ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा ।
२. नगर पालिका यस अन्तरगतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहको स्थितीको समिक्षा सम्बन्धमा ।
३. निर्माण सम्पन्न भवन अभिलेखिकरण कार्यविधि २०८१ सम्बन्धमा ।
४. भवन निर्माण अनुमति सिफारिस सम्बन्धमा ।
५. नगरसभाका समितिहरु र कार्यपालिकाको बिषयगत समितिहरु पुर्नगठन सम्बन्धमा
६. अटिजम कक्षा संचालन सम्बन्धमा ।
७. घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा ।
८. प्रदेश लोकसेवा आयोगको माग आकृति फारम भरी पठाउने सम्बन्धमा ।
९. स्थानीय स्काउट कार्यक्रम बजेट थप सम्बन्धमा ।
१०. जडिबुटी र कबाडी ठेक्का सम्झौता सम्बन्धमा ।
११. जितिया पर्व, वडा दशै, दिपावली तथा छठ पर्वको शुभकामना सम्बन्धमा ।
१२. वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरुको माग बमोजिम फर्निचर र इन्भटर व्याट्री खरिद गर्ने सम्बन्धमा ।
१३. केही आर्थिक सहायता सम्बन्धमा ।
१४. अन्य / विविध ।

<u>निर्णयहरु</u>

**निर्णय नं. १**

मिति २०८१/५/१८ गते बसेको १५६ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको बिषयमा समीक्षा गरियो ।

**निर्णय नं.२**

आ.व. २०८०/०८१ को हालसम्म रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, यस अन्तरगतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरु समेतमा सेवा प्रवाहका स्थितिका बिषयमा छलफल गरियो । साथै राजश्व संकलन, सार्वजनिक सेवा प्रवाहका बिषयमा सुधार गर्नुपर्ने बिषयहरु सुधार गर्दै सेवा प्रवाहलाई अझ बढी प्रभावकारी बनाउँदै लैजाने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.३**

विद्यायन समितिबाट पेश भएको रत्ननगर नगरपालिकाको निर्माण सम्पन्न भवन अभिलेखिकरण कार्यविधि २०८१ सर्व सम्मतीले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

त्ननगर नगरपालिका वडा नं १ अन्तरगत रहेको यज्ञ विलास पौडेलको स्वामित्वमा भएको साविक देवौली २÷क को कि.न. क्रमश ४८६६ ,५३६७ ,५३६६ ज.वि. क्रमश २२८.५६ ,३८५.१५ ,४३.२८ व.मी गरी कुल ज.वि. ६५६.९९ ब.मी जग्गामा निर्माण प्रस्ताविक व्यवसायिक प्रयोजनको बहुतल्ले भवन निर्माण गर्ने गरी यस न.पा.कार्यालयमा घर नक्सा पास प्रयोजनका लागि ईमेज इन्जिनियरीङ कन्सल्टेन्सी रत्ननगर १ वाट तयार भएको विस्तृत घर नक्सा डिजाईन तथा ड्रोईङग

पेश हुन आएको र उक्त प्रस्ताविक भवन ८ तल्ला निर्माण गर्ने गरी नक्सा पेश भएकोमा १७ मिटर उचाई ( ५ तल्ला ) भवन सम्म यहि न.पा. वाट अनुमति दिदै आएको र हाल सो भन्दा माथि निर्माण गर्ने उद्देश्यले यस कार्यालयमा नक्सा पास निवेदन पेश हुन आएकोले सो वहुतल्ले घर निर्माण गर्न नक्सा पास गरी निर्माण अनुमति दिन उक्त भवन संरचनाको नक्सा तथा डिजाईनको विस्तृत प्राविधिक पक्ष चेकजाँच गर्नु पर्ने भएकोले सो कार्यका लागि नेपाल सरकार शहरी विकास तथा भवन निर्माण बिभाग काठमान्डौलाई अनुरोध गर्ने सर्वसम्वत निर्णय गरियो ।

**क्रमश**

**निर्णय नं. ५**

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम रत्ननगर नगरपालिकाको नगर सभाका समितिहरु आगामी नगर सभाबाट अनुमोदन हुने गरी र कार्यपालिकाका समितिहरु र अन्य उपसमितिहरु देहाय बमोजिम पुर्नगठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**सभाका समितिहरु**

| १ सुशासन समिति | २ विधायन समिति | ३ लेखा समिति |
|---|---|---|
| संयोजकः धिरेन्द्र प्रसाद घिमिरे<br>सदस्य- सारदा न्यौपाने<br>सदस्य–रीता वि.क<br>सचिवः प्रशासन शाखा प्रमुख | संयोजकः विरेन्द्र चौधरी<br>सदस्य- रमा भट्टराइ<br>सदस्य–इमप्रसाद पन्त<br>सचिवः कानुन न्याय तथा मानव अधिकार प्रवर्द्धन उपशाखा | संयोजकः सूर्य बहादुर तामाङ्ग<br>सदस्य- गोपी कृष्ण विडारी<br>सदस्य- शिव प्रसाद तिवारी<br>सचिवः आलेप उपशाखा प्रमुख |
| **१ न्यायिक समिति** | **५ अनुगमन तथा सुपरीवेक्षण** | **६ राजश्व परामर्श समिति** |
| संयोजकः यादव प्रसाद पाठक<br>सदस्य- यशोधा अधिकारी पौडेल<br>सदस्य- देवेन्द्र बहादुर भुजेल<br>सदस्य-सचिवः कानुन न्याय तथा मानव अधिकार प्रवर्द्धन उपशाखा | संयोजकः यादव प्रसाद पाठक<br>सदस्य- कलाधर पौडेल<br>सदस्य- सानु भण्डारी<br>सदस्य–देवेन्द्र बहादुर भुजेल<br>सदस्य-सचिव -कृष्ण उपाध्याय<br>आमन्त्रित सदस्य रमेशलाल ताम्राकार | संयोजकः यादव प्रसाद पाठक<br>सदस्य-प्रमुख प्रशासकीय अधिकृत<br>सदस्य- होमनाथ रानाभाट<br>सदस्य- ववितां चौधरी<br>सदस्य- रत्ननगर उवासंघ प्रतिनिधि<br>सदस्य- चितवन उधोग संघ प्रतिनिधि<br>सचिवः राजश्व उपशाखा प्रमुख |

कार्यपालिकाका समितिहरु

| १ आर्थिक विकास समिति | २ सामाजिक विकास समिति | ३ पूर्वाधार विकास समिति |
|---|---|---|
| संयोजकः कलाधर पौडेल<br>सदस्य- कृष्ण चौधरी<br>सदस्य– आशिक तामाङ्ग<br>सदस्य–होमनाथ रानाभाट<br>सदस्य-सचिवः कृषि तथा पशुपक्षी उपशाखा प्रमुख | संयोजकः बालकृष्ण चापागाइ<br>सदस्य- हेमराज थापा<br>सदस्य- कूल प्रसाद सापकोटा<br>सदस्य- राजेन्द्र हमाल<br>सचिवः सामाजिक विकास शाखा प्रमुख | संयोजकः अनन्त अधिकारी<br>सदस्य- किरण महतो<br>सदस्य- श्याम कुमार श्रेष्ठ<br>सदस्य–सुस्मिता वि.क.<br>सचिवः योजना तथा अनुगमन उपशाखा प्रमुख |
| **४ वन वातावरण तथा विपद व्यवस्थापन समिति** | **५ सार्वजनिक सेवा तथा क्षमता विकास समिति** | **६ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति** |
| संयोजकः सुन्दरमणी सुवेदी<br>सदस्य- कुल प्रसाद सापकोटा<br>सदस्य- सजना महतो<br>सदस्य-राम रिमाल<br>सचिवः वन वातावरण तथा विपद् व्यवस्थापन उपशाखा प्रमुख | संयोजकः सोहेन्द्र राज खरेल<br>सदस्य- राम कुमार चौधरी<br>सदस्य- पोट बहादुर घिमिरे<br>सदस्य-यशोदा अधिकारी<br>सचिवः प्रशासन शाखा प्रमुख | संयोजकः प्रलाद सापकोटा<br>सदस्य-यादव प्रसाद पाठक<br>सदस्य-किरण महतो<br>सदस्य- हेमराज थापा<br>सदस्य- सोहेन्द्रराज खरेल<br>सदस्यः ववितां चौधरी<br>सदस्य-सचिवः प्रमुख प्रशासकीय अधिकृत |
| **७ बजेट तथा कार्यक्रम तर्जुमा समिति** | **८ नगर शिक्षा समिति** | **नगर प्रमुख उधमशीलता कार्यक्रम** |
| संयोजकः यादव प्रसाद पाठक<br>सदस्य- बिषयगत समितिका संयोजकहरु<br>सदस्य- प्रमुख प्रशासकीय अधिकृत<br>सदस्य-सचिवः योजना शाखा प्रमुख | संयोजकः प्रलाद सापकोटा<br>सदस्य- सुकदेव लम्साल<br>सदस्य- बालकृष्ण चापागाई<br>सदस्य-पोट बहादुर घिमिरे<br>सदस्य -चन्द्र कला पनेरु<br>सदस्य - विक्रम बहादुर अधिकारी<br>सदस्य -युवराज शर्मा पौडेल<br>सदस्य -मैयादेवी अम्गाई<br>सदस्य -पशुपती शर्मा<br>सदस्य -नेत्र प्रसाद घिमिरे<br>सदस्य-सचिवः नगर शिक्षा अधिकारी | संयोजकः प्रलाद सापकोटा<br>सदस्य-नगर उप प्रमुख<br>सदस्य-प्रमुख प्रशासकीय अधिकृत<br>सदस्य-सोहेन्द्र राज खरेल<br>सदस्य-नीता ढकाल<br>सदस्य-गीता देवकोटा<br>सदस्य- शिला अधिकारी<br>सदस्य-अनिता अर्याल<br>सदस्य-संगीता भट्टराई<br>सदस्य-सीता भेटवाल<br>सचिव-वन वातावरण तथा विपद् वयवस्थापन शाखा प्रमुख |

| सार्वजनिक जग्गा संरक्षण समिति | बजार व्यवस्थापन समिति |
|---|---|
| संयोजकः हेमराज थापा<br>सदस्य - सोहेन्द्र राज खरेल<br>सदस्य- कलाधर पौडेल<br>सदस्य - सम्वन्धित वडाको वडाध्यक्ष<br>सदस्य –किसान बजगाई<br>सदस्य- इम प्रसाद पन्त<br>सदस्य- केशरीमाया सुनार<br>सदसय- निलु शर्मा<br>सदस्य- राजन भट्ट<br>सदस्य- अजित चौरेल<br>सदस्य सचिव प्रकाशचन्द्र ढुङ्गाना | संयोजक - राजेन्द्र प्रसाद घिमिरे<br>सदस्य - सुदन भण्डारी<br>सदस्य - नरेन्द्र श्रेष्ठ<br>सदस्य - रमेश थापा<br>सदस्य - लेख बहादुर तामाङ्ग<br>सदस्य - उमा देवी पौडेल<br>सदस्य - शिव खनाल<br>सदस्य दिपक थापा<br>सदस्य साधुराम ढकाल<br>सदस्य राजन ढंगोल<br>सदस्य पार्वती घिमिरे<br>सदस्य विष्णु रेग्मी<br>सदस्य राम प्रसाद पाण्डे<br>सचिव- सहकारी उद्योग वाणिज्य तथा बजार व्यवस्थापन शाखा प्रमुख |

**निर्णय नं.६**

रत्ननगर नगरपालिका भित्रका अटिजम भएका बालबालिकाहरुको सिकाइ सहजिकरणका लागि रत्ननगर नगरपालिका वडा नं.१३ मा रहेको श्री राष्ट्रिय आधारभुत विद्यालय अमिलियामा कक्षा संचालनको लागि उक्त विद्यालय भवन पछाडी पट्टीको दुई वटा कोठामा संचालन गर्ने र स्रोत कक्षा व्यवस्थापनका लागि अपुग हुने बजेट रु.२८६५००/- (दुई लाख सतासी हजार पाँच सय मात्र) नगर स्तरीय शिक्षा शाखाको कार्यक्रम अन्तरगत विद्यालय भौतिक सुधार कार्यक्रम शिर्षकबाट व्ययभार हुने गरी विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

श्री प्राणनाथ कन्स्ट्रक्सन प्रा.लि. रनपा -१० लाई रत्ननगर नगरपालिकाको घ वर्गको ईजाजत पत्र सम्बन्धी कार्यविधि २०६५ बमोजिम तोकिएको प्रकृया पुरा गरेकाले उक्त कम्पनीलाई **घ** वर्गको निर्माण व्यवसायी ईजाजत पत्र दिनका लागि घ वर्गको निर्माण ईजाजत पत्र सिफारिस समितिबाट सिफारिस भए बमोजिम उक्त प्रा.लि. लाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र उपलब्ध गराउने सर्वसम्मत  निर्णय गरियो ।

**निर्णय नं.८**

लोक सेवा आयोग बागमती प्रदेशको मिति २०८१/५/२७ गतेको च.नं. ७१ को पत्रबाट स्वीकृत दरबन्दी तेरिज बमोजिम रिक्त रहको अधिकृत स्तर नवौं तहको लागि माग आकृति फारम भरी पठाउने सम्बन्धी पत्र बमोजिम यस रत्ननगर नगरपालिका रिक्त रहेको इन्जिनियारिङ्ग सेवा, सिभिल समुह अधिकृत स्तर नवौं तह डी.इ. को दरबन्दी रिक्त रहेकाले उक्त पद पदपर्तिका लागि माग आकृति फारम भरी लोक सेवा आयोग बागमती प्रदेशमा कर्मचारी माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.९**

नेपालीहरुको घर आगनमा आउँदै गरेको महान पर्व विजय दशमी, शुभ दिपाली छठ पर्व तथा नेपाल संवतको अवसरमा सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, नगरबासी तथा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुख, शान्ती र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गरियो ।

**निर्णय नं.१०**

स्थानीय स्काउट कार्यालय रत्ननगरले रत्ननगर नगरपालिकाको स्काउट आधारभुत तालिम संचालन गर्न लागेको र आ.व. २०८१ मा स्काउट शिक्षा शिर्षकमा विनियोजित बजेट रु.३०००००/- (तीन लाख) बाट कार्यक्रम स्चालन गर्न बजेट अपुग हुने भएकाले बजेट थप गरिदिनु हुन भनि स्थानीय सकाउट समितिको निर्णय सहित बजेट माग गरेकाले नगर स्तरीय संस्कृत विश्व विद्यालय व्यवस्थापन अनुदान कार्यक्रम शिर्षकबाट व्ययभार पर्ने गरी रु.१०००००/- (एक लाख) मात्र थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**क्रमश**

**निर्णय नं.११**

रत्ननगर नगरपालिकाको आ.व. २०८१/०८२ का लागि रत्ननगर नगरपालिकाको नगर क्षेत्र भित्रको उत्पादित जडीबुटी कवाडी तथा जिवजन्तु निकासी कर सम्बन्धी आय ठेक्काको लागि यस अघिको कार्यपालिका बैठकबाट प्रचलित खरिद नियमावली बमोजिम दोस्रो सबैभन्दा कम अंक कबोल गरेको शुभ जगदम्बा कन्स्ट्रक्सन एण्ड इन्जिनियारिङप्रा.लि.सँग सम्झौता प्रकृया अगाडी बढाउने बिषयमा भएको निर्णयका बिषयमा छलफल गरीयो । साथै उक्त कन्स्ट्रक्सन प्रा.लि. मिति २०८१/०६/०८ गते यस कार्यालयमा पेश गरेको ठेक्का सम्झौताको मिति सम्मको लागि ३६५ दिनमा घटेका दिनहरुको गणना गरी कबोल गरेको रकममा प्रतिदिन को रकम छुट गरि बाँकी दिनको मात्र रकम लिई सम्झौता गरिदिनु हुन भनि पेश गरेको निवेदन उपर समेत छलफल गरियो । प्रचलित कानुनमा राजश्व छुट दिने सम्बन्धी कुनै व्यवस्था नभएकाले उक्त कन्ट्रक्सनले पेश गरेको पत्रमा उल्लेखित शर्त अनुसार राजश्व छुट दिन नमिल्ने व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.१२**

रत्ननगर नगरपालिका वडा नं.१२ मा रहेको महिला सहकार्य नेपालले संस्थाका सदस्यहरुलाई प्राङ्गारिक मल बनाई यसको प्रयोग सम्बन्धी तालिम संचालनका लागि प्रस्तावना पत्र सहित बजेट माग गर्नुभएकाले नगरस्तरीय महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा अन्तरगत महिलासँग क्षमता विकास कार्यक्रम नगर कार्यपालिका निर्णयानुसार बजेट शिर्षकबाट व्ययभार पर्ने गरी **रु.२०००००/- (दुइ लाख मात्र)** विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.१३**

रत्ननगर नगरपालिका वडा नं.१६ अन्तरगत पर्ने वनदेवी मन्दिर हातामा रहेका वृद्धवृद्धाहरु बस्ने तथा मन्दिर दर्शन गर्न आउने धर्मावलम्वीहरु बस्नका लागि बनाइएको प्रतिक्षालयको छाना पुरानो भई पानी चुहिने समस्याको कारण छाना फेर्नु पर्ने भएकाले आवश्यक बजेट विनियोजन गरिदिनुहुन भनि १६ नं. वडा कार्यालयको सिफारिस सहित बजेट माग गरेकाले नगरस्तरीय विषयगत शाखा अन्तरगत महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको नगरपालिकाबाट दिवा सेवा केन्द्र तथा ज्येष्ठ नागरिक आश्रम व्यवस्थापन शिर्षकबाट व्ययभार पर्ने गरी रु.७००००/- (सत्तरी हजार मात्र) विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १४**

रत्ननगर नगरपालिका अन्तरगतका वडाहरुबाट वडा कार्यालयको सिफारिस सहित विपन्न नागरिक उपचार लागि आर्थिक सहयोग माग भै आएका तपसिलका व्यक्ती/संस्थाहरुलाई अन्य आर्थिक सहायता शिर्षकबाट व्ययभार हुने गरी देहायको आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल (विपन्न आर्थिक सहायता)**

| क्र. स. | आर्थिक सहयोग माग गर्ने व्यक्तीको नाम | स्थायी ठेगाना | सहयोगको प्रकार | सहयोग माग भएको विवरण | सिफारिस गर्ने वडा कार्यालय | सहयोग रकम |
|---|---|---|---|---|---|---|
| १ | श्री जेम्स महत्तो | रनपा ७ | लडेर खुट्टाको लिगामेट च्यातिएको | आर्थिक अवस्था कमजोर उपचारमा समस्या | वडा नं. ७ को कार्यालय | १५०००/- |
| २ | श्री कृष्ण प्रसाद पौडेल | रनपा १३ | कलेजे सम्बन्धी समस्या | आर्थिक अवस्था कमजोर उपचारमा समस्या | वडा नं. १३ को कार्यालय | १००००/- |
| ३ | श्याम बहादुर सितान | रनपा १५ | दबै आखा नदेख्ने | आर्थिक अवस्था कमजोर उपचारमा समस्या | वडा नं. १५ को कार्यालय | ८०००/- |
| ४ | देव कुमारी श्रेष्ठ र नारायण श्रेष्ठ | रनपा १० | मृगौला सम्बन्धी रोग | आर्थिक अवस्था कमजोर उपचारमा समस्या | वडा नं. १० को कार्यालय | १५०००/- |

**क्रमश**